## नगर कार्यपालिका बैठक संख्या १८

मिति २०७५ साल आषाढ ८ गते

**निर्णय नं. १ :**

आगामी आ.व. २०७५/०७६ को लागि प्रताव गरिएका नीति तथा कार्यक्रमहरुलाई संशोधन सहीत पारीत गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

राजस्व परामर्श समितिले सिफारिश गरेका विभिन्न करका दरहरुलाई पारीत गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधायन समितिमा छलफल गराई सो समितिले सिफारिश गरेका तपसिल बमोजिमका नियामावली तथा कार्यविधिहरुलाई संशोधन सहीत पारित गर्ने निर्णय गरियो ।

- सम्पती कर व्यवस्थापन कार्यविधि २०७५
- केबुल टेलीभिजन तथा एफ.एम. रेडीयो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७५
- खैरहनी नगरपालिकाको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५
- नगर शिक्षा नियमावली २०७५

**निर्णय नं. ४ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधायन समितिमा छलफल गराई सो समितिले सिफारिश गरेका तपसिल बमोजिमका विधेयकहरुलाई नगरसभामा पारितको लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

- न्यायीक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५
- खैरहनी नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७५

**निर्णय नं. ५ :**

नगर शिक्षा समितिले सैनिक आवासीय महाविद्यालय खैरहनी ३ लाई कक्षा १२ मा व्यवस्थापन बिषय अध्यापन गराउने गरी कक्षा थप गर्न र कक्षा ११ मा विज्ञान बिषय पथ गर्ने गरी सिफारीश गरेको र कठार मा.वी. कठारलाई कक्षा ११ मा शिक्षा बिषय थप गर्ने गरी गरेको सिफारीशका आधारमा उक्त शिक्षण संस्थाहरुलाई उपरोक्तानुसारको कक्षा थप गर्न र बिषय थप गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

स्थानीय विकास विशेष कोषबाट देहायका योजनाहरु संञ्चालन गरी अनुमोदनका लागि पेश भएकोले उक्त बिशेष कोष सञ्चालन निर्देशिका २०७४ अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. वडा नं. १२ को वडा कार्यालय कम्पाउण्ड वाल निर्माण रु.४०००००।००

२. वडा नं. १ को सिसि टिभी जडान गर्ने कार्य रु.२०००००।००

३. वडा नं. ११ को खेप केन्द्र निर्माणका लागि थप रु.८०,०००।००

**निर्णय नं. ७**

खैरहनी नगरपालिकाका विभिन्न बैठकहरु (नगरसभा, कार्यपालिका, विषयगत समिति, वडा समिति, लगायत विभिन्न समितिहरु) मा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७३ छैठौ संस्करणका आधारमा बैठक भत्ता निर्धारण गरी खाई आएको र हाल प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुका सुविधा सम्वन्धी ऐन २०७५ बमोजिम समायोजन गर्नू पर्ने भएकोले चालु आ.व.को लागि

पूर्ववत नै बैठक भत्ता उपलब्ध गराउने र २०७५ श्रावण १ गते देखि आजैका मितिमा पारीत खैरहनी नगरपालिकाको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. २०७४।०७५ को पहिलो र दोश्रो नगरसभाद्धारा स्वीकृत योजनाहरुको कार्यान्वयन गर्ने क्रममा केही समस्या उत्पन्न भई संशोधन गर्नु पर्ने भएकोले कार्यपालिकाको मिति २०७४/९/२१ को निर्णय अनुसार नगर प्रमुखले विभिन्न मितिमा योजना संशोधनका लागि गरेका निर्णयहरुलाई अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रमुख प्रशासकीय अधिकृतले विभिन्न मितिमा योजनाको म्याद थप गराउने गरी गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगर कार्यपालिकाको कार्यालयका कार्यालय सहायक श्री रामचन्द्र उप्रेतीले मिति २०७५।०३।०१ देखि लागु हुने गरी दिनु भएको राजिनामा स्वीकृत भएको र निजले नियमानुसार पाउने संचित विदाको रकम र औषधी उपचारको रकम तलब शिर्षकबाट खर्च लेखि भुक्तानी दिने व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११

मिति २०७४।११।०६ गतेका दिन सरकारी कामको सिलसिलामा भरतपुरबाट खैरहनी तर्फ फर्कने क्रममा सवारी दुर्घटनामा परी दिबङ्गत हुनु भएका वडा नं. ४ का वडा अध्यक्ष नरेन्द्रनाथ अधिकारी र वडा नं. ५ का वडा अध्यक्ष विश्व विजय बस्नेतका परिवारलाई राहत स्वरुप नगरपालिकाको तर्फबाट जनही रु.५०००००।०० का दरले आर्थिक सहायता प्रदान गर्ने र सोही घटनामा घाईते भई हाल उपचारकै क्रममा रहनु भएका चालक राजकुमार अधिकारीलाई थप उपचार खर्च बापत रु.७५०००।०० विविध शिर्षकबाट भुक्तानीको व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२

असाध्य रोग क्यान्सरबाट पिडित भई उपचार गराईरहनु भएका वडा नं. ३ का वडा सदस्य तोयानाथ सुवेदीलाई औषधी उपचारको लागि आर्थिक सहयोग स्वरुप रु.१२५,०००।०० विविध शिर्षकबाट भुक्तानीको व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकाका सुरक्षागार्ड कमल प्रसाद ढूंगेलको कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई अप्रेसन गराई उपचार गराउदा लागेको खर्च रकम रु.९३०००।०० विविध शिर्षकबाट खर्च लेखि भुक्तानीको व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४

मिति २०७४।११।०६ गतेका दिन सरकारी कामको सिलसिलामा भरतपुरबाट खैरहनी तर्फ फर्कने क्रममा सवारी दुर्घटनामा परी घाईते हुनु भएका सवारी चालक राजकुमार अधिकारीको उपचारमा भएको खर्च कार्यापालिकाको मिति २०७४।११।२४ गतेको निर्णय अनुसार तत्काल कर्मचारी कल्याणकोषबाट खर्च लेखि भुक्तानी दिने र पछि उक्त रकम सोधभर्ना गरी पूर्ती गर्ने निर्णय भए अनुसार उक्त रकम विविध शिर्षकबाट खर्च लेखि उक्त कोषमा सोधभर्नाको व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।